नेपाल सरकार
सिंचाइ मन्त्रालय

# आ.व. २०७०/७१ को तेस्रो चौमासिक एवं वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठक

भाद्र ०५, २०७१

# सिंचाइ मन्त्रालय

## तेस्रो चौमासिक एवं वार्षिक प्रगति विवरण
## आ.व. २०७०/७१

प्रस्तुती: शिव कुमार शर्मा, सह-सचिव
(प्रमुख, योजना तथा कार्यक्रम महाशाखा)

# सिंचाइ मन्त्रालय अन्तर्गतका निकायहरू

१. सिंचाइ विभाग
२. जल-उत्पन्न प्रकोप नियन्त्रण विभाग
३. भूमिगत जलस्रोत विकास समिति
४. सुनसरी-मोरङ सिंचाइ विकास समिति

# सिंचाइ मन्त्रालय अन्तर्गत आ.व. २०७०/७१ मा संचालन भएका आयोजना /कार्यक्रमहरुको संख्याः

| | P1 | P2 | P3 | जम्मा |
|---|---|---|---|---|
| क. सिंचाइ विभाग | १८ | ७ | - | २५ |
| ख. जल उत्पन्न प्रकोप नियन्त्रण विभाग | ३ | १ | | ४ |
| ग. भूमिगत जलस्रोत विकास समिती | - | - | १ | १ |
| कूल जम्मा | २१ | ८ | १ | ३० |

# वार्षिक बजेट बाँडफाँड

(रु. हजारमा)

| सि.नं. | निकाय | चालु | पूँजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | सिंचाइ मन्त्रालय | ३,०१,२७ | १३,७५ | ३,१५,०२ |
| २ | सिंचाइ विभाग | ९३,०४,१० | ८,५६,०३,१७ | ९,४९,०७,२७ |
| ३ | जल उत्पन्न प्र.नि. विभाग | १५,११,९२ | ३,१७,४०,९९ | ३,३२,५२,९१ |
| ४ | भूमिगत जलस्रोत विकास समिति | ५,२९,४९ | २,१४,६० | ७,४४,०९ |
| | जम्मा | १,१६,४६,७७ | ११,७५,७२,५१ | १२,९२,१९,२९ |

# सिंचाइ मन्त्रालयको वार्षिक समष्टिगत प्रगति

## क. वित्तिय

- वार्षिक विनियोजित बजेट रु. १२५६५५४६ हजार
- वार्षिक संशोधित बजेट रु. १२९२१९२९ हजार
- खर्च रु. ११२१३८७९ हजार

- वित्तिय प्रगतिः ८६.७८ प्रतिशत

## ख. भौतिक

- कूल भौतिक प्रगतिः ८७.८ प्रतिशत

# वार्षिक समष्टिगत वित्तिय प्रगति

(रु. हजारमा)

| सि.नं. | निकाय | विनियोजित वजेट | संशोधन पछि कायम भएको वजेट | खर्च भएको वजेट | खर्च प्रतिशत (%) |
|---|---|---|---|---|---|
| १ | सिंचाइ मन्त्रालय | २,९९,६५ | ३,१५,०२ | २,९१,३७ | ९२.४९ |
| २ | सिंचाइ विभाग | १०,०४,६५,४४ | ९,४९,०७,२७ | ८,०२,०४,४९ | ८४.५१ |
| ३ | जल उत्पन्न प्र.नि. विभाग | २,४१,४६,२८ | ३,३२,५२,९१ | ३,०९,५३,३० | ९३.०८ |
| ४ | भूमिगत जलस्रोत विकास समिति | ७,४४,०९ | ७,४४,०९ | ६,८९,६२ | ९२.६८ |
| जम्मा | | १२,५६,५५,४६ | १२,९२,१९,२९ | ११,२१,३८,७९ | ८६.७८ |

# सिंचाइ मन्त्रालय अन्तर्गतका निकायहरुको प्रगति स्थिति

| सिंचाइ विभाग | |
|---|---|
| भौतिक प्रगति | वित्तिय प्रगति |
| ८६ % | ८४.५१ % |

# सिंचाइ मन्त्रालय अन्तर्गतका निकायहरुको प्रगति स्थिति

| जल उत्पन्न प्रकोप नियन्त्रण विभागः | |
|---|---|
| भौतिक प्रगति | वित्तिय प्रगति |
| ८९.६९ % | ९३.०८ % |

# सिंचाइ मन्त्रालय अन्तर्गतका निकायहरुको प्रगति स्थिति

| भूमिगत जलस्रोत विकास समितिः | |
|---|---|
| भौतिक प्रगति | वित्तिय प्रगति |
| ८७.७१ % | १२.६८ % |

# उपलब्धिहरु

- सिंचित क्षेत्र विस्तार
  - लक्ष ४०,६०० हे.
  - प्रगति १९,१५५ हे.
  - *आ.व. ०६९/७० सम्म कूल सिंचित क्षेत्रफल १३,३१,५२१ हे. भएकोमा आ.व.०७०/७१ मा थप १९,१५५ हे. भै हाल सम्मको कूल सिंचित क्षेत्रफल १३,५०,६७६ हे. (कृषक कुलो सुधार समेत) पुगेको ।*
- तटबन्ध निर्माण
  - लक्ष ४६ कि. मि.
  - प्रगति ४६ कि. मि.

# लक्ष्य तथा प्रगति

| क. सिंचाइ विभाग | | |
|---|---|---|
| कार्यक्रम | लक्ष्य (हे.) | उपलब्धि (हे.) |
| • सतह सिंचाइ | ५९०० | ३३६० |
| • भूमिगत सिंचाइ | २५२०० | १५१३५ |
| • नयाँ प्रविधि | ५०० | ६६० |
| •कृषक कुलो सुधार | ९००० | १०४४८ |
| •सिंचाइ प्रणालीहरुको व्यवस्थापन | ३२६००० | ३२६००० |

हाल सम्मको प्रगति अवस्था

- कूल सिंचाइ योग्य जमिन १७,६६,००० हे.
- गत आ.व. ०७०/७१ सम्मको प्रगति १३,५०,६७६ हे. (कृषक कुलो सुधार समेत)

# लक्ष्य तथा प्रगति

| ख. जल उत्पन्न प्रकोप नियन्त्रण विभाग | | |
|---|---|---|
| **कार्यक्रम** | **लक्ष्य (कि.मि.)** | **उपलब्धि (कि.मि.)** |
| • जनताको तटबन्ध<br>• भारतिय सहयोगमा सन्चालित नदि नियन्त्रण<br>• अन्य | २६<br>१६<br>४ | २६<br>१६<br>४ |

**<u>हाल सम्मको प्रगति अवस्था</u>**

तटबन्ध निर्माण ८०७ कि.मि.(जनताको तटबन्ध, भारतिय सहयोगमा सन्चालित नदि नियन्त्रण र अन्य प्रकोप नियन्त्रण समेत गरी)

# सिंचाइ मन्त्रालय अन्तर्गत संचालित आयोजना/कार्यक्रमहरुको प्रगति स्थिति

- ८०-१०० प्रतिशत प्रगति भएका आयोजना / कार्यक्रमहरु

| प्राथमिकता | तेस्रो चौमासिक | वार्षिक |
|---|---|---|
| P1 | १६ | १६ |
| P2 | ७ | ७ |
| P3 | १ | १ |
| जम्मा | २४ | २४ |

# सिंचाइ मन्त्रालय अन्तर्गत संचालित आयोजना / कार्यक्रमहरुको प्रगति स्थिति...

- ५०-८० प्रतिशत प्रगति भएका आयोजना / कार्यक्रमहरु

| प्राथमिकता | तेस्रो चौमासिक | वार्षिक |
|---|---|---|
| P1 | २ | २ |
| P2 | १ | १ |
| P3 | ० | ० |
| जम्मा | ३ | ३ |

# सिंचाइ मन्त्रालय अन्तर्गत संचालित आयोजना / कार्यक्रमहरुको प्रगति स्थिति...

- ५० प्रतिशत भन्दा कम प्रगति भएका आयोजना कार्यक्रमहरु

| प्राथमिकता | तेस्रो चौमासिक | वार्षिक |
|---|---|---|
| P1 | ३ | ३ |
| P2 | ० | ० |
| P3 | ० | ० |
| जम्मा | ३ | ३ |

- भेरी बबई डाइभर्सन बहुद्देश्यीय आयोजना
- कर्णाली अञ्चल सिंचाइ विकास कार्यक्रम
- डिप तथा स्यालो ट्युववेल सिंचाइ आयोजना (राहात)

# राष्ट्रिय गौरवका योजनाहरुको लक्ष्य तथा प्रगति

| सिक्टा सिंचाइ आयोजना | |
|---|---|
| विनियोजीत बजेट (रु हजारमा) | ११४२०६९ |
| खर्च (रु हजारमा) | ११३८९५७ |
| **भौतिक लक्ष्य** | **भौतिक प्रगति** |
| • मुल नहरमा माटोको कार्य १० कि.मि.<br>• मुल नहरमा सरचना निर्माणकार्य ३८ गोटा<br>• नहर लाइनिङ्ग कार्य १२ कि.मि.<br>• नहरका लागी जग्गा अधिग्रहण कार्य<br>• गेट लगायत हाइड्रोमेकानिकल कार्य | • मुल नहरमा माटोको कार्य १.२ कि.मि. सम्पन्न भएको ।<br>• मुल नहरमा संरचना निर्माणकार्य २०.५ गोटा सम्पन्न भएको ।<br>• नहर लाइनिङ्ग कार्य ६.९४ कि.मि. सम्पन्न भएको।<br>• नहरका लागी जग्गा अधिग्रहण कार्य उचित क्षतिपूर्ति दिई सम्पन्न गरिएको ।<br>• गेट लगायत हाइड्रोमेकानिकल निर्माण कार्य २० % सम्पन्न भएको । |
| भारित भौतिक प्रगति | ९९.८४ % |
| वित्तिय प्रगति | ९९.७३ % |

# राष्ट्रिय गौरवका योजनाहरुको लक्ष्य तथा प्रगति

| रानीजमरा-कुलरिया सिंचाइ आयोजना (प्रणाली आधुरुनिकरण समेत) | |
|---|---|
| वार्षिक बजेट (रु हजारमा) | १६२१९१९ |
| खर्च (रु हजारमा) | १३८९८८४ |
| **भौतिक लक्ष्य** | **भौतिक प्रगति** |
| • इन्टेक निर्माण कार्यको बाँकी कार्य पुरा गर्ने (१५ %)<br>• मुल नहर निर्माण कार्य (२.५५ की.मी.)<br>• मुल नहरमा स्ट्रक्चर निर्माण कार्य (१.७२ गोटा)<br>• फिडर नहर निर्माण कार्य (५.४ की.मी.)<br>• फिडर नहरमा स्ट्रक्चर निर्माण कार्य (४.२ गोटा)<br>• शाखा उपशाखा नहर निर्माण तथा पुन:निर्माण (६.८२ की.मी.)<br>• सिंचित क्षेत्र बचाउ तथा संरक्षण कार्य (२१.५ की.मी.) | • इन्टेक निर्माणको बाँकी कार्य जम्मा १२.९ % पुरा भएको ।<br>• मुल नहर निर्माण कार्य जम्मा २.५५ कि.मि निर्माण सम्पन्न भएको ।<br>• मुल नहरमा स्ट्रक्चर निर्माण कार्य जम्मा १.७२ गोटा निर्माण सम्पन्न भएको ।<br>• फिडर नहर निर्माण कार्य जम्मा ५ कि.मि निर्माण सम्पन्न भएको ।<br>• फिडर नहरमा स्ट्रक्चर निर्माण कार्य जम्मा ३.२ गोटा निर्माण सम्पन्न भएको ।<br>• शाखा उपशाखा नहर निर्माण तथा पुन:निर्माणमा जम्मा २.८८ कि.मी. काम भएको ।<br>• सिंचित क्षेत्र वचाउ तथा संरक्षण कार्यमा नेपाल सरकार तर्फ १.५० कि.मि र विश्व बैंक अन्तर्गत जम्मा १८.२ कि.मि भई जम्मा १९.७ कि.मि निर्माण सम्पन्न भएको । |
| भारित भौतिक प्रगति | ९२.६१ % |
| वित्तिय प्रगति | ८५.६९ % |

# राष्ट्रिय गौरवका योजनाहरुको लक्ष्य तथा प्रगति

| बबई सिंचाइ आयोजना | |
|---|---|
| वार्षिक बजेट (रु हजारमा) | ४०३५०० |
| खर्च (रु हजारमा) | ३७१८२६ |
| **भौतिक लक्ष्य** | **भौतिक प्रगति** |
| • पश्चिम तथा पूर्वि मूलनहर विस्तार, ब्रान्च, सेकेण्डरी र र्टसरी नहर निर्माण कार्य (१० कि.मी )<br>• नहर संचालन, जलमापन तथा गेज निर्माण (३ % )<br>• जग्गा खरिद ( ८ हे.) | • पश्चिम तथा पूर्वि मूलनहर विस्तार, ब्रान्च, सेकेण्डरी र र्टसरी नहर निर्माण कार्यहरु जम्मा १० कि.मी निर्माण सम्पन्न भएको । मुलनहर निर्माण तथा रिमोडेलिङ्ग र नहर प्रणाली संग सम्बन्धित संरचनाहरु निर्माणका लागि निर्माण खरिद सम्झौता भएको साथै मुलनहरको रिमोडेलिङ्ग तथा लाइनिङ्गकार्य निर्माण संचालनार्थ चार वटा ठेक्का प्याकेजहरु मध्ये दुई प्याकेजको लागि निर्माण खरिद सम्झौता भएको र बाँकी दुई ठेक्का प्याकेजहरुको निर्माण खरिद संझौताका लागि प्रकृयागत कार्य भैरहेको ।<br>• नहर संचालन, जलमापन तथा गेज निर्माण कार्यहरु जम्मा ३ % सम्पन्न भएको ।<br>• नहरका लागी जग्गा खरिद कार्य जम्मा ३.८० हेक्टर जग्गा खरिद भएको । |
| भारित भौतिक प्रगति | ९९.४६ % |
| वित्तिय प्रगति | ९२.१५ % |

# राष्ट्रिय गौरवका योजनाहरुको लक्ष्य तथा प्रगति

| भेरी बबई डाईभर्सन बहुद्देश्यीय सिंचाइ आयोजना | |
|---|---|
| वार्षिक बजेट (रु हजारमा) | ५००८० |
| खर्च (रु हजारमा) | २३५८७ |
| **भौतिक लक्ष्य** | **भौतिक प्रगति** |
| • सुरुङ्ग निर्माण कार्य शुरु गर्न निर्माण व्यवसायी तथा परामर्श दातृको छनौट गर्ने ।<br>• वातावरण तथा सामाजिक विकास कार्य (EIA Report अनुसार आयोजना प्रभावित गा.वि.स.हरुमा सिंचाई विकास, अन्य स्थानिय पुर्वाधार निर्माण, सिप विकास सम्बन्धी विभिन्न तालिम संचालन गर्ने ।)<br>• जग्गा अधिग्रहणको प्रारम्भिक कार्य शुरु गर्ने । | • सुरुङ्ग निर्माण कार्यको लागि ठेकेदार छनौटको लागि प्राप्त Pre-Qualification Document हरुको मूल्याङ्कन कार्य जारी रहेको ।<br>• सुरुङ्ग निर्माण कार्यको लागि आवश्यक परामर्श सेवा खरिदको लागि प्राप्त Expression of Interest हरुको मूल्याङ्कन कार्य जारी रहेको ।<br>• पुरक अध्ययन कार्य भैरहेको ।<br>• सामाजिक तथा वातावरण विकास अन्तर्गत Livelihood कार्यक्रमको लागि आयोजनाको अध्ययन गर्ने कार्य भैरहेको ।<br>• संरचना निर्माणको लागि आवश्यक पर्ने जमिनको भोगाधिकारको लागि वन मन्त्रालयमा पत्राचार भएको ।<br>• कार्यालय भवन निर्माणको लागी ठेक्का स्वीकृती गरी Mobilizationको प्रकृयामा रहेको । |
| भारित भौतिक प्रगति | ४३.८२ % |
| वित्तिय प्रगति | ४७.१० % |

# बेरुजु स्थिति तथा प्रगति

(रु. हजारमा)

| निकाय | कुल बेरुजु | फछ्र्यौट | बाँकी बेरुजु | प्रगति % |
|---|---|---|---|---|
| सिंचाइ मन्त्रालय | ७७ | ७७ | - | १०० |
| सिंचाइ विभाग | १,७६,३४,४६ | ९९,२६,९६ | ७७,०७,५० | ५६.२९ |
| जल उत्पन्न प्रकोप नियन्त्रण विभाग | १४,५८,०१ | ३,९०,९० | १०,६७,११ | २६.८१ |
| भूमिगत जलस्रोत विकास समिति | २५.७ | १९.७ | ६ | ७६.६५ |
| **जम्मा** | १,९०,९३,४९.७ | १,०३,१८,८२.७ | ८७,७४,६७ | ५४.०४ |

# MDAC तथा NDAC बैठकको मूख्य निर्णयहरुको प्रगति

# मिति २०७१/०१/१७ मा भएको MDAC बैठकको मूख्य निर्णयहरुको प्रगति

| निर्णय | प्रगति |
| --- | --- |
| १.मन्त्रालय र मातहतका निकायहरुको पुनःसंरचानका लागि आवश्यक पहल सिंचाइ मन्त्रालयले गर्ने । | १.पुनःसंरचनाका लागि आवश्यक पहल कै क्रममा परामर्श दातृ नियुक्त भैसकेको । |
| २.सुनकोशी मरिन डाईभर्सन बहुद्देश्यीय आयोजनाको अध्ययन कार्य चाडै पूरा गर्ने र निर्माणका चरणमा पुर्‍याउन विशेष पहल गर्ने । | २.Pre-feasibility Studyको कार्य सम्पन्न भै Detail Feasibility Study का लागि Procurement कार्य पूरा भै कार्य थालनीको प्रकृयामा रहेको । |
| ३.सिक्टा सिंचाइ आयोजना जग्गा अधिग्रहणको लागि रेखाङ्कनमा पर्ने जग्गा अबिलम्ब खाली गराउन जि.प्र.का. मार्फत म्यादी सूचना जाहेरीका लागि पत्र लेख्ने । | ३.कार्यान्वयन भैसकेको । |

# मिति २०७१/०१/१७ मा भएको MDAC बैठकको मूख्य निर्णयहरुको प्रगति

| निर्णय | प्रगति |
|---|---|
| ४. महाकाली सिंचाइ आयोजना नहर क्षेत्रमा परेका १४ घरधुरी परिवारले धनीपूर्जा बिना भोगचलान गरिआएको जग्गा खाली गर्ने सम्बन्धमा Fast Track मा निर्णय भए अनुसारको कारवाहीका लागि क्याविनेटमा पेशका लागि पहल गर्ने । | ४. मन्त्रीपरिषदमा पेश भै कारवाही भैसकेको । |
| ५.सुनसरी-मोरङ सिंचाइ आयोजनाको कमाण्ड क्षेत्रमा बसोवास तथा निर्मित संरचनाहरु हटाउन स्थानीय राजनैतिक दलहरु र सो क्षेत्रबाट प्रतिनिधित्व गरेका सभासदहरुलाई समेत जानकारी गराई आवश्यक कदम चाल्ने । | ५. कमाण्ड क्षेत्रका बसोवास तथा निर्मित संरचनाहरु हटाईसकेको । |

# ३२औं राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC)को मूख्य निर्णय र प्रगति

| **बैठकको निर्णय** | **प्रगति** |
|---|---|
| वैदेशिक सहयोगबाट संचालित आयोजनाहरुको सोध भर्ना रकम लिन बाँकी रहेका आयोजनाहरुको सोधभर्ना रकम यथाशिघ्र माग गर्ने र समयमा सोधभर्ना नमाग्ने कार्यालय प्रमुख र लेखा प्रमुखको विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको अनुगमन महाशाखा एवं राष्ट्रिय योजना आयोगको सचिवालय अनुगमन तथा मूल्याङ्कन महाशाखामा दिने । | मन्त्रालय अन्तर्गत वैदेशिक सहयोगबाट संचालित आयोजनाहरुको सोधभर्ना रकम लिन बाँकी रहेका आयोजनाहरुको सोधभर्ना रकम यथाशिघ्र माग गर्न कारवाही भैसकेको । |

# ३२औं राष्ट्रिय विकास समस्या समाधान समिति(NDAC)को मूख्य निर्णय र प्रगति

| बैठकको निर्णय | प्रगति |
|---|---|
| सिंचाइ आयोजनाहरुमा वन तथा निकुञ्ज क्षेत्रका नदीबाट निर्माण सामाग्री संकलन सहज नभएको भन्ने सम्बन्धमा सिंचाइ, रक्षा, संघिय मामिला तथा स्थानीय विकास र वन तथा भू-संरक्षण मन्त्रालय बसी कुन आयोजनामा समस्या परेको हो यथाशिघ्र समाधान गर्ने । | आ.व. २०७०/७१को लागि यस सम्बन्धमा समस्या समाधान भएको । |

# ३२औं राष्ट्रिय विकास समस्या समाधान समितिको मूख्य निर्णय र प्रगति

| बैठकको निर्णय | प्रगति |
|---|---|
| निजामती सेवा ऐनको साबिक दफा २४(घ) १ बमोजिम पदस्थापन भई नेपाल सरकारले मिति २०७०/११/२६को निर्णय बमोजिम मिलान गर्नुपर्ने पद भए ७ दिन भित्र उक्त कार्य टुंग्याई रमाना लिन अटेर गर्ने कर्मचारीलाई तुरुन्तै विभागीय कारवाही थाल्ने । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस विषयमा दिएको निर्देशन समेत अख्तियार वालाले शिघ्र कार्यान्वयन गर्ने । | यस सम्बन्धमा समयमै कार्यान्वयन भएको । |

# मूख्य समस्याहरु (मन्त्रालय स्तरका)

- सिंचाइ क्षेत्रमा कार्यरत प्राविधिक कर्मचारीहरुका लागी समय सापेक्ष क्षमता अभिवृद्धिको अवसर न्यून रहेको ।
- दुर्गम पहाडी तथा हिमाली जिल्लाहरुमा डिभिजन/सब-डिभिजन/इकाई कार्यालयहरु नहुनुका कारण सेबाग्राहीहरुको माग सम्बोधन गर्न कठीनाई भएको ।
- सिंचाइ संरचना तथा सम्पतिको मर्मत संभार र संरक्षणमा ध्यान दिनुपर्ने (भूमिगत डिप ट्युववेल सिंचाइ प्रणालीका साथै आकस्मिक रुपमा हुने बाढी पहिरोबाट विभिन्न सिंचाइ प्रणालीहरुमा क्षती पुग्न गई संचालनमा बाधा पुग्नुका साथै मर्मत सुधारका लागि बजेटको अभाव रहेको)।
- भूमिगत जल सिंचाइ आयोजना/कार्यक्रमहरु कार्यान्वयनका लागि सिंचाइ विभागको “Chain of Command” मा रहेको कार्यान्वयन गर्ने निकायको अभाव रहेको ।

क्रमश..

# मूख्य समस्याहरु (मन्त्रालय स्तरका)...

- उचित मर्मत सम्भार तथा व्यवस्थापनका लागि सिंचाइ सेवा शूल्क (ISF) अपेक्षाकृत रुपमा संकलन हुन नसक्दा र यसका लागि आवश्यक बजेट विनियोजन नहुँदा सिंचाइ सेवाको गुणस्तर प्रभावित भएको ।
- जल-उत्पन्न प्रकोप नियन्त्रण कार्य तथा मझौला र नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजना कार्यान्वयनका लागि अत्याधिक माग रहेको, तर सिमित वजेटका कारण मागहरु सम्बोधन गर्न कठिनाई भएको ।
- नदी नियन्त्रण तथा सिंचाइ योजनाहरुको निर्माण कार्यमा प्रयोग हुने boulders र river bed materials को उपलब्धतामा कठीनाई हुनगई निर्माण कार्य प्रगतिमा अबरोध पुग्न गएको ।
- विद्युत आपूर्तिका समस्याका कारण भूमिगत सिंचाइको अपेक्षित रुपमा विकास तथा उपयोग गर्न नसकिएको ।

# मूख्य समस्याहरु (मन्त्रालय स्तरका)...

- स्वीकृत गूरु योजना / आवधिक योजनामा लक्ष्य गरिए अनुसार वजेट विनियोजन नहुँदा तथा निर्माण सामाग्रीको मूल्य बृद्धि हुँदा लक्षित भौतिक उपलब्धि हासिल हुन नसक्नाले आयोजनाको अवधि र लागत दुबै बढ्ने गरेको ।
- न्यून वजेट विनियोजनको कारणले बिभिन्न सिंचाइ आयोजना/प्रणालीहरुको विकास, विस्तार एवं पुनर्स्थापनमा कमी हुँदा अपेक्षित रुपमा सिंचाइ सुबिधा उपलव्ध गराउन नसकिएको ।
- जल स्थानान्तरण तथा जलाशययुक्त बहुउद्देश्यीय आयोजनाहरुको कार्यान्वयन अपेक्षाकृत गतिमा हुन नसक्दा बर्षैभरि सिंचाइ उपलब्ध हुने क्षेत्र विस्तार हुन नसकेको ।

# मूख्य चुनौचीहरु (मन्त्रालय स्तरका)...

- सिंचाइ प्रणालीहरुको लक्षित कमाण्ड क्षेत्र भन्दा कम क्षेत्रमा सिंचाइ हुने गरेको ।
- सतह तथा भूमिगत सिंचाइ आयोजनाहरुको विकास तथा विस्तार गरी बाह्रै महिना भरपर्दो सिंचाइ सुबिधा उपलव्ध गराउनु ।
- ठूला तथा बृहत सिंचाइ प्रणालीहरुको प्रभावकारी व्यवस्थापन गर्नु ।
- अन्तर जलाधार जलस्थानान्तरण (Inter-basin Water Transfer) तथा जलाशययुक्त बहुउद्देश्यीय आयोजनाहरुको निर्माण गर्नु ।
- भूमिगत जलश्रोतको उपयोगका लागि आवश्यक रहेको ड्रिलिङ मेसिन तथा औजारहरुको कमी र जनशक्ति अभाव ।
- अनुगमन तथा मूल्याङ्कनको कार्य प्रभावकारी हुन नसकेको ।
- परामर्श सेवा खरिदमा प्रस्ताव दर्ता गराएका परामर्शदाताहरुले पेश गरेको प्रस्ताव स्वीकृत लागत अनुमान भन्दा सारभूत रुपमा बढिरहेकोले परामर्शदाता नियुक्त गर्न नसकिएको ।

# समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु

- बिभिन्न सिंचाइ आयोजना/प्रणालीहरुको विकास, विस्तार एवंपुनर्स्थापनका लागि आवधिक योजनामा लक्ष्य गरिए अनुसार वजेट विनियोजन हुनुपर्ने ।
- जल स्थानान्तरण तथा जलाशययुक्त बहुउद्देश्यीय आयोजनाहरुको कार्यान्वयन लक्ष्य अनुसार हुनुपर्ने ।
- प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त सिंचाइ प्रणालीहरुको पूर्ण रुपले नियमित मर्मत सम्भार तथा पुनर्स्थापन हुनुपर्ने ।
- भूमिगत सिंचाइको अपेक्षीत विकासका लागी ड्रिलिङ सम्बन्धी मेशिन तथा औजार र जनशक्तिको व्यवस्थाका साथै विद्युत आपूर्ति नियमित र सुलभ हुनु पर्ने ।
- उचित मर्मत सम्भार तथा व्यबस्थापनका लागि सिंचाइ सेवा शुल्क अपेक्षित रुपमा संकलन गर्न आबश्यक कानुनी ब्यबस्था हुनुपर्ने ।
- भूमिगत जल सिंचाइ आयोजना/कार्यक्रमहरु कार्यान्वयनका लागि सिंचाइ विभागको “Chain of Command” मा रहेको कार्यान्वयन गर्ने निकायको व्यवस्था हुनुपर्ने।

# समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु

- पहाडी तथा हिमाली जिल्लाहरुमा आवश्यकता अनुसार कार्यालय तथा जनशक्ति को व्यबस्था हुनुपर्ने ।
- जल उत्पन्न प्रकोप नियन्त्रण कार्यहरु तथा सिंचाइको माग अनुरुप आवश्यक बजेटको ब्यवस्था हुनुपर्ने ।
- नदी नियन्त्रण तथा सिंचाइ योजनाहरुको निर्माण कार्यमा प्रयोग हुने boulders र river bed materials उपलब्ध गराउन राष्ट्रियस्तरमा नीति तयार हुनुपर्ने ।
- बाह्रै महिना भरपर्दो सिंचाइ सुबिधा उपलव्ध गराउने गरी सतह तथा भूमिगत सिंचाइ आयोजनाहरुको क्रमिक रुपले विकास तथा विस्तार गर्नुपर्ने ।
- ठूला तथा बृहत सिंचाइ प्रणालीहरुको आवश्यक पुनस्थापना एवं नियमित मर्मत संभार गरी प्रभावकारी रुपमा व्यवस्थापन गर्नुपर्ने ।
- अन्तर जलाधार जलस्थानान्तरण (Inter-basin Water Transfer) तथा जलाशययुक्त बहुउद्देश्यीय आयोजनाहरुको क्रमिक रुपले निर्माण गर्नुपर्ने ।

# मूख्य समस्याहरु (NDAC मा राख्नु पर्ने)

- माग तथा योजना संख्याको तुलनामा बजेट विनियोजन ज्यादै नै न्युन हुने गरेकोले सिंचाइ तथा जल-उत्पन्न प्रकोप नियन्त्रण कार्यका लागि विनियोजन हुने बजेट थप हुनु पर्ने ।
- सिंचाई हुने कृषि जमिन अन्य प्रयोगमा जाने क्रम जारी रहेकोले कृषि जमिनको खण्डीकरण तथा अन्य उपयोगलाई निरुत्साहित गर्न भू-उपयोग नीति र योजना कार्यान्वयनमा ल्याउनु पर्ने ।
- सिंचाइ क्षेत्रको विकास र व्यवस्थापनलाई सरकारले प्राथमिकता दिनु पर्ने।
- राष्ट्रिय गौरवका आयोजना क्षेत्रलाई बन्दमुक्त क्षेत्र बनाउन पहल गर्नुपर्ने ।

क्रमश...

# मूख्य समस्याहरु (NDAC मा राख्नु पर्ने)

- सिंचाइ प्रणालीहरुको निर्माणको लागि आवश्यक पर्ने जग्गाको मुआब्जा तथा अधिग्रहण गर्दा अधिक मुल्य माग हुन गई योजना कार्यान्वयनका लागि जग्गा प्राप्ति गर्नमा समस्या हुने गरेको ।
- कार्यक्षेत्र तथा योजना संख्याको तुलनामा जनशक्ति अभाव ।
- आकस्मिक रुपमा आउने प्रकोप (बाढी, पहिरो) बाट क्षति हुन जाने सिंचाई प्रणालीहरुको संचालनमा बाधा पुग्नुका साथै मर्मत संभारको लागि बजेट अभाव हुने गरेको ।
- नदी नियन्त्रण तथा सिंचाइ योजनाहरुको निर्माण कार्यमा प्रयोग हुने boulders र river bed materials उपलब्ध गराउन राष्ट्रियस्तरमा नीति तयार हुनु पर्ने ।

# आ.व. २०७१/७२ को बजेट तथा कार्यक्रम

- चालु आ.व. २०७१/७२ का लागि सिंचाइ मन्त्रालय अन्तर्गत सिंचाइ तथा नदी नियन्त्रण सम्बन्धि विभिन्न ३० वटा कार्यक्रम/आयोजनाहरु संचालन गर्न जम्मा रु. १६,१७,९९,३७ हजारको बजेट प्राप्त ।

| कार्यालय | बजेट (रु हजारमा) | | |
|---|---|---|---|
| | चालु | पुँजीगत | कुल |
| सिंचाइ मन्त्रालय | २,६७,५० | ४,२२,०५ | ६,८९,५५ |
| सिंचाइ विभाग | ९६,७१,७७ | १२,११,४४,३६ | १३,०८,१६,१३ |
| जल उत्पन्न प्रकोप नियन्त्रण विभाग | १७,३३,४४ | २,७७,४३,१३ | २,९४,७६,५७ |
| भुमिगत जलश्रोत विकास समिति | ५,७५,६२ | २,४१,५० | ८,१७,१२ |
| **जम्मा** | **१,२२,४८,३३** | **१४,९५,५१,०४** | **१६,१७,९९,३७** |

- कार्यक्रम स्विकृतिको अवस्थाः

  ३० मध्ये ३ वटा कार्यक्रमको राष्ट्रिय योजना आयोग/मन्त्रालय बाट स्विकृति प्राप्त भै कार्यान्वयनका लागि पठाई सकिएको ।

# आ.व. २०७१/७२मा स्विकृति प्राप्त योजना/कार्यक्रमहरु

| क्र.सं. | ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | बजेट(रु हजारमा) |
|---|---|---|---|
| १ | ३५७१०२ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | २,२०,५३ |
| २ | ३५७१०२ | सिंचाइ संस्थागत विकास कार्यक्रम | २,३९,४८ |
| ३ | ३५७११३ | भूमिगत जलस्रोत विकास समिति | ८,१७,१२ |

# गत आ.व. २०७०/७१ र यस २०७१/७२ को बजेटको तुलना

(रु हजारमा)

| कार्यालय | आ व २०७०/७१ को वार्षिक बजेट | आ व २०७१/७२ को विनियोजित बजेट | वजेटको तुलना (थप/घट) | वजेट बृद्धि/ह्रास % |
|---|---|---|---|---|
| सिंचाइ मन्त्रालय | ३,१५,०२ | ६,८९,५५ | ३,७४,५३ | ११८.८९ |
| सिंचाइ विभाग | ९,४९,०७,२७ | १३,०८,१६,१३ | ३,५९,०८,८७ | ३७.८४ |
| जल उत्पन्न प्रकोप नियन्त्रण विभाग | ३,३२,५२,९१ | २,९४,७६,५७ | -३७,७६,३४ | -११.३६ |
| भुमिगत जलश्रोत विकास समिति | ७,४४,०९ | ८,१७,१२ | ७३,०३ | ९.८१ |
| जम्मा | १२,९२,१९,२९ | १६,१७,९९,३७ | ३,२५,८०,०८ | २५.२१ |

# धन्यवाद